# केन्द्रीय कार्यालय, अनामनगर

## *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको

## खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ४२७/०७४-७५**

निजामती सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणीका पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ ।

### (क) राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक)

| क्र.सं. | वि.नं. | किसिम/ समावेशी समूह | माग पद विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | पुनः विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या |
| १. | १६५३०/०७४-७५ | खुला | क. | न्याय | न्याय | ११ (एघार) | १४ (चौध) | २५ (पच्चीस) |
| | | | ख. | न्याय | कानून | ३ (तीन) | ३ (तीन) | ६ (छ) |
| | | | ग. | न्याय | सरकारी वकिल | ४ (चार) | ४ (चार) | ८ (आठ) |
| | | | घ. | परराष्ट्र | - | - | ३ (तीन) | ३ (तीन) |
| | | | ङ. | प्रशासन | सा.प्र. | - | १०५ (एकसय पाँच) | १०५ (एकसय पाँच) |
| | | | च. | प्रशासन | लेखा | - | ३४ (चौतीस) | ३४ (चौतीस) |
| | | | छ. | प्रशासन | राजस्व | - | १९ (उन्नाइस) | १९ (उन्नाइस) |
| | | | ज. | लेखापरीक्षण | - | - | ६ (छ) | ६ (छ) |
| | | | **जम्मा** | | | **१८ (अठार)** | **१८८ (एकसय अठासी)** | **२०६ (दुईसय छ)** |
| २. | १६५३१/०७४-७५ | महिला | क. | न्याय | न्याय | ४ (चार) | ४ (चार) | ८ (आठ) |
| | | | ख. | न्याय | सरकारी वकिल | ५ (पाँच) | १ (एक) | ६ (छ) |
| | | | ग. | प्रशासन | सा.प्र. | - | २९ (उनान्तीस) | २९ (उनान्तीस) |
| | | | घ. | प्रशासन | लेखा | - | १० (दश) | १० (दश) |
| | | | ङ. | प्रशासन | राजस्व | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | च. | लेखापरीक्षण | - | - | १ (एक) | १ (एक) |
| | | | **जम्मा** | | | **९ (नौ)** | **५० (पचास)** | **५९ (उनान्साठी)** |
| ३. | १६५३२/०७४-७५ | आदिवासी/ जनजाती | क. | न्याय | न्याय | ४ (चार) | २ (दुई) | ६ (छ) |
| | | | ख. | न्याय | कानून | २ (दुई) | - | २ (दुई) |
| | | | ग. | न्याय | सरकारी वकिल | ५ (पाँच) | १ (एक) | ६ (छ) |
| | | | घ. | परराष्ट्र | - | - | १ (एक) | १ (एक) |
| | | | ङ. | प्रशासन | सा.प्र. | - | २३ (तेइस) | २३ (तेइस) |
| | | | च. | प्रशासन | लेखा | - | ८ (आठ) | ८ (आठ) |
| | | | छ.. | प्रशासन | राजस्व | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | ज. | लेखापरीक्षण | - | - | १ (एक) | १ (एक) |
| | | | **जम्मा** | | | **११ (एघार)** | **४१ (एकचालीस)** | **५२ (बाउन्न)** |
| ४. | १६५३३/०७४-७५ | मधेसी | क. | न्याय | न्याय | २ (दुई) | ३ (तीन) | ५ (पाँच) |
| | | | ख. | न्याय | कानून | १ (एक) | - | १ (एक) |
| | | | ग. | न्याय | सरकारी वकिल | ३ (तीन) | १ (एक) | ४ (चार) |
| | | | घ. | प्रशासन | सा.प्र. | - | १९ (उन्नाइस) | १९ (उन्नाइस) |
| | | | ङ. | प्रशासन | लेखा | - | ६ (छ) | ६ (छ) |
| | | | च. | प्रशासन | राजस्व | - | ३ (तीन) | ३ (तीन) |
| | | | छ. | लेखापरीक्षण | - | - | १ (एक) | १ (एक) |
| | | | **जम्मा** | | | **६ (छ)** | **३३ (तेत्तीस)** | **३९ (उनान्चालीस)** |
| ५. | १६५३४/०७४-७५ | दलित | क. | न्याय | न्याय | १ (एक) | १ (एक) | २ (दुई) |
| | | | ख. | न्याय | कानून | - | १ (एक) | १ (एक) |
| | | | ग. | न्याय | सरकारी वकिल | १ (एक) | १ (एक) | २ (दुई) |
| | | | घ. | परराष्ट्र | - | - | १ (एक) | १ (एक) |
| | | | ङ. | प्रशासन | सा.प्र. | - | ८ (आठ) | ८ (आठ) |
| | | | च. | प्रशासन | लेखा | - | २ (दुई) | २ (दुई) |
| | | | छ. | प्रशासन | राजस्व | - | २ (दुई) | २ (दुई) |
| | | | **जम्मा** | | | **२ (दुई)** | **१६ (सोह्र)** | **१८ (अठार)** |
| ६. | १६५३५/०७४-७५ | अपाङ्ग | क. | न्याय | न्याय | - | १ (एक) | १ (एक) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) | - | १ (एक) |
| | | | ग. | प्रशासन | सा.प्र. | - | ४ (चार) | ४ (चार) |
| | | | घ. | प्रशासन | लेखा | - | २ (दुई) | २ (दुई) |
| | | | ङ. | प्रशासन | राजस्व | - | १ (एक) | १ (एक) |
| | | | **जम्मा** | | | **१ (एक)** | **८ (आठ)** | **९ (नौ)** |
| ७. | १६५३६/०७४-७५ | पिछडिएको क्षेत्र | क. | न्याय | न्याय | १ (एक) | - | १ (एक) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) | - | १ (एक) |
| | | | ग. | प्रशासन | सा.प्र. | - | ३ (तीन) | ३ (तीन) |
| | | | घ. | प्रशासन | लेखा | - | १ (एक) | १ (एक) |
| | | | ङ | लेखापरीक्षण | - | - | १ (एक) | १ (एक) |
| | | | **जम्मा** | | | **२ (दुई)** | **५ (पाँच)** | **७ (सात)** |

**परीक्षाको किसिम :-** लिखित, सूचना प्रविधि सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र :-**
- प्रथम चरण: आयोगको क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरु
- द्वितीय चरण: आयोगको क्षेत्रीय निर्देशनालयहरु (प्रथम चरणमा आयोगको ञ्चल कार्यालयहरुमा केन्द्र भएका उम्मेदवारहरु सोही अञ्चल कार्यालयको सम्बन्धित क्षेत्रीय निर्देशनालयवाट तोकिए वमोजिम)

**दरखास्त दस्तुर :-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. ४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने स्थान :-** काठमाडौं उपत्यकाको हकमा **Global IME Bank** को **सिनामंगल, सुकेधारा, धापासी, वनस्थली, डिल्लीबजार, ज्ञानेश्वर, सानो गौचरन, नख्खु, पुल्चोक, ग्वार्को र सूर्यविनायक** स्थित शाखाहरु र **गोश्वारा हुलाक कार्यालय सुन्धारा, ललितपुर र भक्तपुर जिल्लाका जिल्ला हुलाक कार्यालयहरु** तथा काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका क्षेत्रीय निर्देशनालय, अञ्चल कार्यालयहरु र आयोगका कार्यालयहरु नभएका जिल्लाहरुको हकमा सम्बन्धित जिल्लास्थित क्षेत्रीय हुलाक निर्देशनालय र जिल्ला हुलाक कार्यालयहरु । उम्मेदवारहरुले बैंक/हुलाक कार्यालयमा परीक्षा दस्तुर बुझाई सकेपछि प्राप्त हुने भौचर/नगदी रसीद आफूसाथ सुरक्षित राख्नुपर्नेछ । सो भौचर/रसीद आयोगको कार्यालयमा पेश गर्नुपर्ने छैन ।

**दरखास्त दस्तुर बुझाउने अवधि :-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको बैंक/कार्यालयमा परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**दरखास्तको माध्यम :-** विज्ञापित सबै पदहरुमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ । अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विवरण psconline.psc.gov.np बाट हेर्न सकिनेछ ।

**अपलोड गर्नुपर्ने कागजातहरु :-** अनलाइन फारामको अपलोड खण्डमा उम्मेदवारले आफ्नो फोटो, हस्ताक्षर, शैक्षिक योग्यताको प्रमाणपत्रका साथै अनुभव आवश्यक पर्ने, समकक्षता आवश्यक पर्ने तथा समावेशी समूहका विज्ञापनमा आवेदन गर्ने उम्मेदवारको हकमा अनुभव, बिदा, शैक्षिक योग्यता तथा समावेशी विवरण उल्लेख गरी प्रमाणित गरेको फाराम Scan गरी Upload गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :-** २०७४/९/१८ र दोब्बर दस्तुर २०७४/९/२५ सम्म ।

**उम्मेदवारको उमेरको हद :-**
- २०७४/९/१८ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- वहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति:-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी ।

**तलब:-** प्रचलित कानून बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालय:-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालय ।

## संयुक्त र एकीकृत लिखित परीक्षा कार्यक्रम

| चरण/ पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| **प्रथम चरण** (सबै सेवा समूहको लागि) | प्रशासनिक अभिरुची परीक्षण | २०७४/१०/२७ गते | दिनको २:०० बजे |
| **द्वितीय चरण :** ***(प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित हुन पाउनेछन्)*** | | | |
| द्वितीय पत्र (सबै सेवा समूहको लागि) | शासन प्रणाली | २०७४/१२/२५ गते | दिनको १:०० बजे |
| तृतीय पत्र (सबै सेवा समूहको लागि) | समकालीन विषय | २०७४/१२/२६ गते | दिनको १:०० बजे |
| चतुर्थ पत्र | ऐच्छिक विषय | २०७४/१२/२७ गते | दिनको १:०० बजे |
| न्याय सेवाको लागि मात्र (थप पत्र) | १) समसामयिक कानून तथा अभ्यास | २०७४/१२/२८ गते | दिनको १:०० बजे |
| परराष्ट्र सेवाको लागि मात्र (थप पत्र) | १) अंग्रेजी भाषा | २०७४/१२/२९ गते | दिनको १:०० बजे |
| | २) परराष्ट्र नीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध | २०७४/१२/३० गते | दिनको १:०० बजे |

## आवश्यक न्यूनतम योग्यता:

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

(१) **नेपाल परराष्ट्र सेवा तथा नेपाल प्रशासन सेवा (राजस्व र सामान्य प्रशासन समूह) को लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।

(२) **नेपाल प्रशासन सेवा, लेखा समूहको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।

(३) **नेपाल न्याय सेवा (न्याय, कानून, सरकारी वकिल समूह) को लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण भएको ।

(४) **नेपाल लेखापरीक्षण सेवाको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्य शास्त्र विषयमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण भएको ।

**नोट :** ऐच्छिक विषय छनौट गर्दा उम्मेदवारले देहायका विषयहरु मध्येबाट कुनै एउटा मात्र छान्नु पर्नेछ । उम्मेदवारले हासिल गरेको शैक्षिक योग्यताको मूल विषय र छनौट गरेको ऐच्छिक विषय एउटै हुन अनिवार्य छैन ।

**तालिका नं. १ : लिखित परीक्षामा प्रश्नपत्रको माध्यम भाषा नेपाली र अंग्रेजी दुवै हुने ।**

| S. N. | विषय (Subject) | S. N. | विषय (Subject) | S. N. | विषय (Subject) | S. N. | विषय (Subject) |
|---|---|---|---|---|---|---|---|
| 1 | Account & Finance | 2 | Economics | 3 | Education | 4 | Law |
| 5 | Political Science | 6 | Population studies | 7 | Public Administration | 8 | Sociology & Anthropology |

**तालिका नं. २ : लिखित परीक्षामा प्रश्नपत्रको माध्यम भाषा अंग्रेजी मात्र हुने ।**

| S. N. | विषय (Subject) | S. N. | विषय (Subject) | S. N. | विषय (Subject) | S. N. | विषय (Subject) |
|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture | 2 | Botany | 3 | Engineering | 4 | Environmental science |
| 5 | Forestry | 6 | Health science | 7 | Microbiology | 8 | Physics |
| 9 | Zoology | 10 | Chemistry | | | | |

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ग) अपाङ्गका हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र,

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ङ) पिछडिएको क्षेत्रका हकमा निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा।

(च) स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात।

## द्रष्टव्य

(क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ख) समान पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त लिइने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(छ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन।

(ज) विज्ञापन नं. र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. र परीक्षा केन्द्रहरु छनौट गर्नुपर्नेछ।

(झ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ञ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

(ट) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ।